नगर कार्यपालिकाको
बैठक संख्या: ४८, २०७९-२०८४
मिति २०८१/०७/१४ को
निर्णय प्रमाणित ..........

<u>कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ४८, २०७९-२०८४)</u>

मिति : २०८१ कार्तिक १४ गते

<u>निर्णयहरुः</u>

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. चालु आ.ब. मा सञ्चालन हुने योजना तथा कार्यक्रमहरु एकै पटक सञ्चालन गर्दा भुक्तानीमा समेत समस्या हुने देखिएकाले वडा कार्यालय तथा शाखाहरुबाट प्राथमिकिकरण गरी करिब ५०% योजनाहरु पुष मसान्तसम्म सम्झौता गरी चैत्रभित्र कार्य सम्पन्न गर्ने र बाँकी योजनाहरु २०८१ चैत्र मसान्तसम्म सम्झौता कार्य गरी जेठ मसान्तसम्म कार्यसम्पन्न हुने गरी कार्यान्वयन गर्ने ।

३. विगतका आ.ब. मा ठेक्का आव्हान भई सञ्चालनमा रहेका देहायका योजनाहरुको कार्य प्रगतिका आधारमा अन्तिम पटकका लागि २०८१ फागुन मसान्तसम्म म्याद गर्ने । सो समयभित्र कार्य सम्पन्न नगरेमा प्रचलित कानून बमोजिम ठेक्का तोडी कारवाही प्रक्रिया अगाडी बढाउने ।

- ठेक्का नं. NCB-03/2079/080 प्रसेनीपुर चौधरीया गोहवा गाउँ जोड्ने सडक कालोपत्रे र NCB-04/2079/080 - रामनगर पश्चिम बिराट खानेपानी हुँदै नेपालगञ्ज सुर्खेत जाने बाटो कालोपत्रे ।
- ठेक्का नं. NCB-12/2077/078 नगर अस्पताल भवन निर्माण

४. नगर अस्पताल व्यवस्थापन समितिको मिति २०८१/०७/१४ गतेको बैठकका निर्णयहरु अनुमोदन गर्ने। साथै समितिको निर्णय बमोजिम नगर अस्पतालबाट प्रदान हुने सेवा सुविधामा प्रस्ताव गरिएको शुल्कको दररेट स्वीकृत गरी कार्यान्वयन गर्ने ।

५. कोहलपुर नगरपालिका रोजगार सेवा केन्द्रमा आ.ब. २०८१/०८२ का लागि स्थानीय निर्देशक समितिबाट पेश हुन आएको ३७५ जना मध्ये ५४ जना पुरुष र ३२१ जना महिला बेरोजगार व्यक्तिको प्राथमिकीकरणको क्र.सं. १ मा जुठी दमाई र क्र.सं. ३७५ मा विपती थरुनी सम्मको बेरोजगार ब्यक्तिहरु भएको सूचीलाई स्वीकृत गर्ने ।

६. कोहलपुर नगरपालिका अन्तर्गतका विभिन्न भुक्तानी हुनुपर्ने देहायका रकमहरु भुक्तानी गर्ने निर्णय गरियो।

क. आ.ब. २०८०/०८१ को कार्तिकदेखि आषाढ सम्मको महिला स्वास्थ्य स्वयंसेविका यातायात खर्च वापतको रकम भुक्तानी दिनुपर्नेमा आ.ब. २०८१/०८२ को वार्षिक बजेट पुस्तिकाको सि.नं. २१३ मा ५.५(साढे पाँच) महिनाको यातायात खर्च वापतको रकम रु.७,७०,०००।– छुट हुन गएकाले बाँकी रकम वार्षिक बजेट पुस्तिकाको पेज नं. २६४ सि.नं. ९३ बाट भुक्तानी दिने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्याः ४८, २०७९-२०८४
मिति २०८१/०७/१४ को
निर्णय प्रमाणित ..........

ख. भुक्तानी दिन बाँकी तर्फ आर्थिक तथा सामाजिक विकास शाखाबाट पेश भएको विद्यायन समिति लगायतको बैठक बसे वापतको बैठक भत्ता रकम रु.३४,०००।– वार्षिक बजेट पुस्तिकाको पेज नं. २६८ सि.नं.९३ बाट भुक्तानी दिने ।

ग. स्वास्थ्य बिमा शुभारम्भ कार्यक्रममा टेण्ट लगायत सामाग्री उपलब्ध गराए वापत विनोद लाईट एण्ड टेन्ट हाउस, शम्सेरगंज ७, हवलदारपुर, बाँकेलाई बील बमोजिम रु.३९,५००।-

घ. गत आ.ब. २०८०/०८१ को यस नगरपालिका अन्तर्गत आधारभूत तह कक्षा ८ को अन्तिम नतिजा छानबिन समितिको खाना/खाजा, समिति पदाधिकारी भत्ता, विज्ञ सल्लाहकार भत्ता, समपरीक्षण पारिश्रमिक, सहयोगी कर्मचारी प्रोत्साहन खर्च समेत रु.४,६३,४१२।–

ङ. गत आ.ब. २०८०/०८१ को ७। नं. वडा समितिको मिति २०८०/०९/२३ को निर्णय बमोजिमको भलिबल खरिद तथा माघी महोत्सव कार्यक्रम वापत श्री क्रियाशिल युवा क्लब कोहलपुर ७, बाँकेलाई रु.१,००,०००।-

च. गत आ.ब. २०८०/०८१ को आई डि. कार्ड, टेबल नेम प्लेट तथा सेल्फ छाप लगायत छपाई कार्यको भुक्तानी त्रिमुर्ति डिजिटल हम प्रा.लि.लाई रु.७१,०२०।५०

छ. १२ नं. वडाको आ.ब. २०८०/०८१ को बैशाखदेखि असार सम्मको वडा समितिको बैठक भत्ता वापतको रकम रु.

७. श्री हिमालय मदरसा गरिब नवाज प्राथमिक विद्यालय, कोहलपुर न.पा. ३ बेडनपुर(बाँके) को च.नं. २१ को पत्र, विद्यालय व्यवस्थापन समितिको २०८०/०८/२६ गतेको निर्णय एवं वडा कार्यालयको सिफारिस पत्र समेत संलग्न राखी उक्त विद्यालयको २०४६ सालमा निर्मित ३ कोठे एक तले भवन भत्काउनुपर्ने भनी अनुमती माग भई आएकोमा आवश्यक प्रक्रिया पुरा गरी उक्त जिर्ण भवन भत्काउन अनुमती प्रदान गर्ने ।

८. यस नगरपालिकामा आर्थिक सहायता माग भई प्राप्त निवेदन उपर छलफल हुँदा कोहलपुर नगरपालिका वडा नं ११ बस्ने गंगा गिरीको उपचारको लागि ११ नं. वडा कार्यालयको च.नं. ५६७ मिति २०८१/०५/२४ को पत्रबाट सिफारिस समेत भई आएकाले रु.१०,०००।(दस हजार रुपैयाँ) आर्थिक सहायता उपलब्ध गराउने ।

९. नागरिक समितिबाट बाद्यवादन सामाग्रीहरु सहयोग माग भई आएकोमा १२ नं. वडा कार्यालयको च.नं. ६७२ मिति २०८१/०७/१२ को सिफारिस पत्र समेतका आधारमा रु.६५,०००।– मा नबढने गरी माग बमोजिमका वाद्यबादन सामाग्रीहरु खरिद गरी उपलब्ध गराउने ।

१०. कोहलपुर नगरपालिकाको नगरसभाबाट स्वीकृत भई बोलपत्रका माध्यमबाट कार्यान्वयन गरिने देहायका योजनाहरुको लागत अनुमान तयार गर्दा कुल विनियोजित बजेटको ३० प्रतिशत रकम थप गरी लागत अनुमान तयार गर्ने र योजना कार्यान्वयनका लागि विनियोजित रकम नपुग भएमा उक्त नपुग रकम कोहलपुर नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४८, २०७९-२०८४
मिति २०८१/०७/१४ को
निर्णय प्रमाणित ..........

क) एकतानगर हरिकला सुनारको घरदेखि नगरविकासको सिमानासम्म सडक कालोपत्रे, कोहलपुर ११, बाँके ।

ख) रजगढवा शिव मन्दिरदेखि रामदिन थारुको घरसम्म जोड्ने बाटो नाली सहित कालोपत्रे, कोहलपुर ७, बाँके ।

११. कोहलपुर नगरपालिका अन्तर्गत स्वास्थ्य सेवा तर्फ प्रयोगशालामा कार्यरत कर्मचारीहरुलाई जोखिम भत्ता बापत नेपाल सरकारको निर्देशन र कार्यालयको आन्तरिक आयको अवस्था समेतलाई मध्यनजर गरी १५ प्रतिशत जोखिम भत्ता उपलब्ध गराउँदै आइएको कार्यलाई निरन्तरता दिंदै मेडिकल ल्याब टेक्निसियन श्री लक्ष्मी अधिकारी र मेडिकल ल्याब असिष्टेण्ट श्री दिपक शर्मालाई चालु आ.ब. मा समेत उपलब्ध गराउने । साथै चालु आ.ब. देखि रेडियोग्राफर श्री मिलन शाही र ल्याब असिष्टेण्ट बबिता के.सी. समेतलाई उपलब्ध गराउने ।

१२. बाँके र बर्दिया जिल्लामा लागु औषध नियन्त्रणका क्रियाशिल लागु औषध नियन्त्रण ब्युरो शाखा कार्यालय नेपालगञ्ज बाँकेको च.नं. १२६ मिति २०८१/०७/१२ को पत्रानुसार कोहलपुर एरियामा दैनिक खटिने प्रहरी कर्मचारीहरुले दैनिक गस्ति लगायत कार्य गर्नका लागि इन्धन सहयोग माग भई आएकोमा एक पटकका लागि ६० लि. पेट्रोल उपलब्ध गराउने ।

१३. कोहलपुर बसपार्क व्यवस्थापन समितिको मिति २०८१/०२/२१ को निर्णय, प्रहरी मुचल्का सहित प्राप्त निवेदन उपर छलफल गर्दा कोहलपुर बसपार्कको सार्वजनिक शौचालयमा रहेका ४ थान कम्बोर्ड टुटफूट भई बिग्रिएकाले सो को सट्टा साधारण सिट प्यान राख्ने र उक्त कार्यको भुक्तानी भैपरी आउने पुँजिगत खर्च शीर्षकबाट उपलब्ध गराउने ।

१४. नगर विकास कोषको च.नं. ४९६ मिति २०८१/०७/०५ को पत्र प्राप्त भई कोहलपुर नगरपालिकाले नगर विकास कोषलाई बुझाउनुपर्ने साँवा व्याज रकमको भुक्तानी सम्बन्धमा बैठकमा जानकारी गराईयो। सो सम्बन्धमा प्रयाप्त बजेट अभावका कारण समयमै नगर विकास कोषमा बुझाउनुपर्ने रकम बुझाउन नसकी ताकेता समेत आएकाले १ करोड १० लाख नगर विकास कोषलाई उपलब्ध गराउने ।

१५. यस नगरपालिका अन्तर्गत कार्यरत मेडिकल अधिकृतहरुलाई आवास सुविधा उपलब्ध गराउँदै आईएकोमा निजहरुको आवासमा फर्निसिङ्' लगायत कार्यका लागि आवश्यक सामाग्री खरिद गरी भैपरी आउने चालु खर्च शीर्षकबाट उपलब्ध गराउने ।

१६. कोहलपुर नगरपालिका वडा नं. १० स्थित त्रिभुवन मा.बि. विद्यालयमा भएको शिक्षक र विद्यार्थीबीच सामाजिक संजालमा उठाइएको विषयलाई सम्बन्धित निकायमा कानूनी उपचार खोज्नुको सट्टा यस नगरपालिकाको शिक्षा तथा खेलकुद शाखाका शाखा प्रमुखलाई व्यक्तिगत रुपमा गरिएको दुरव्यवहार प्रति कार्यपालिका उक्त कार्यको निन्दा एवं घोर भर्त्सना गर्दछ । आगामी दिनमा कानून विपरीतका यस्ता कार्य नगर्नुहुन साथै यस्ता प्रकारका कार्य दोहोरिएमा आवश्यक कानूनी उपचारमा जाने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ४८, २०७९-२०८४
मिति २०८१/०७/१४ को
निर्णय प्रमाणित ..........

१७. सिद्ध कुमाखी मन्दिर, राप्तीसोनारी गाउपालिका ४, पर्सोहवा, बाँकेले मिति २०८१/०६/२८ गतेदेखि २०८१/०७/०३ गतेसम्म संचालन गरेको कुमाख मेला, २०८१ को लागि सूचना प्रकाशन, सञ्चार खर्च भैपरी र विविध खर्च शीर्षकबाट रु.७५,०००।- आर्थिक सहायता उपलब्ध गराउने ।

१८. बिल्ड अन नेपाल र कोहलपुर नगरपालिकाको साझेदारीमा श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, कोहलपुर १३ सिमरीमा भवन निर्माण कार्य भएकोमा उक्त भवन निर्माणको भुक्तानी हुन बाँकी अपुग रकम रु.५,४०,०००।- समपुरक कोषबाट व्यहोर्ने ।

१९. कोहलपुर नगरपालिका आवास, खानेपानी तथा सरसफाई घुम्ती कोष व्यवस्थापन समितिको मिति २०८१ कार्तिक १२ गतेको बैठकका निर्णयहरु अनुमोदन गर्ने । र उक्त समितिको कार्यक्रमका लागि समितिको सिफारिश बमोजिम लाल बहादुर बुढाथोकीको करार म्याद २०८१ कार्तिक मसान्तसम्म रहेकोमा २०८२ असार मसान्त सम्मका लागि थप गर्ने ।

२०. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (Local Infrastructure Support Program- आ.व. २०८१/०८२ मा सह-लगानीमा कार्यान्वयन गरिने तपशिलका कार्यक्रम/आयोजना छनौट गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय विकास सहायता तथा समन्वय शाखा, सिंहदरबार काठमाण्डौंमा पठाउने निर्णय गरियो । यसको लागि नेपाल सरकारबाट सह-लगानीमा ६० प्रतिशतले हुने अनुमानित रकम रु. २ करोडमा नगरपालिकाबाट सह-लगानी गर्नुपर्ने ४० प्रतिशतले हुने रकम रु.१,३३,००,०००।- (अक्षेरुपी एक करोड तेत्तीस लाख) यस नगरपालिकाको चालु आ.व.को समपुरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

<u>तपसिल:</u>

| सि.नं. | योजनाको नाम | वडा नं. | प्रस्तावित रकम | नगरपालिकाबाट सहलगानी | LISP बाट सहलगानी |
|---|---|---|---|---|---|
| १ | महेश खतिवडाको घर देखि महेन्द्र राजमार्ग जोड्ने बाटोमा नाली निर्माण, कोहलपुर २ | २ | २५ लाख | १० लाख | १५ लाख |
| २ | मोतिनगर चोक देखि पूर्व सकेटिंग पार्क सम्म सडक कालोपत्रे, कोहलपुर ३ | ३ | २५ लाख | १० लाख | १५ लाख |
| ३ | गुजर टोलको बाटो कालोपत्रे, कोहलपुर ४ | ४ | २५ लाख | १० लाख | १५ लाख |

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ४८, २०७९-२०८४
मिति २०८१/०७/१४ को
निर्णय प्रमाणित ........

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | पृथ्वीनगर ट्रान्सफर्मर चोकदेखि शिव मन्दिर जोड्ने बाटो कालोपत्रे, कोहलपुर ५ | ५ | २५ लाख | १० लाख | १५ लाख |
| ५ | गोविन्द थारुको घरदेखि हरि प्रसाद थारुको घर सम्म र सिताराम थारुको घर देखि नहर सम्म सडक स्तरोन्नति, कोहलपुर ६ | ६ | २५ लाख | १० लाख | १५ लाख |
| ६ | वडा कार्यालयदेखि रत्न राजमार्ग तथा वडा नं. ९ को सिमानासम्म जोड्ने सडक स्तरोन्नति, कोहलपुर ८ | ८ | ५० लाख | २० लाख | ३० लाख |
| ७ | बबई टोल भिम बहादुर थापाको घर देखि भगवती बस्नेतको घर सम्म नाली निर्माण, कोहलपुर ९ | ९ | २५ लाख | १० लाख | १५ लाख |
| ८ | रत्न राजमार्ग देखि जिबन ज्योति स्कुल गेट सम्म नाली निर्माण, कोहलपुर १० | १० | २५ लाख | १० लाख | १५ लाख |
| ९ | बागेश्वरी क्याम्पसको पर्खाल निर्माण, कोहलपुर ११ | ११ | २० लाख | ८ लाख | १२ लाख |
| १० | शान्तिटोल, पानस होटल र निबुवा टोल बाटो स्तरोन्नती, कोहलपुर १२ | १२ | ३० लाख | १२ लाख | १८ लाख |
| ११ | कालिका मन्दिर देखि को.न.पा. १३ वडा कार्यालयसम्म बाटो कालोपत्रे, कोहलपुर १३ | १३ | ३३ लाख | १३ लाख २० हजार | १९ लाख ८० हजार |
| १२ | सुर्खेत राजमार्ग देखि उढारपुर गाउँ जाने बाटो स्तरोन्नति, कोहलपुर १४ | १४ | २५ लाख | १० लाख | १५ लाख |
| जम्मा | | | ३ करोड ३३ लाख | १ करोड ३३ लाख २० हजार | १ करोड ९९ लाख ८० हजार |

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत